**कोरोना भाइरसको सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख २० गते**
बागमती प्रदेशमा वैशाख २० गतेसम्म आरडिटी विधिबाट ८ हजार ५ सय ९० जनामा कोरोना भाइरस (कोभिड १९) को परीक्षण गरिएको छ । आरडीटी परीक्षण गरिएका मध्ये १८ जनामा पोजेटिभ देखिएकोमा चार जनामा पीसीआर पनि पोजेटिभ तथा १४ जनामा पीसीआर नेगेटिभ देखिएको थियो । वैशाख २० गते १ सय ४ जनामा आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
यसै गरि पिसिआर प्रविधिबाट २ हजार १ सय ६ जनाको कोरोना भाइरस (कोभिड १९) परीक्षण गरिएकोमा सात जनाको रिपोर्ट पोजेटिभ आएकोमा सातै जना उपचार पछि घर गइसकेका छन् । यस प्रदेशमा ३ सय ९१ जना क्वारेण्टाइनमा छन् भने आइसोलेशनमा पाँच जना रहेका छन् ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सीताराम अधिकारी**का अनुसार गजुरी गाउँपालिकालाई आदर्श एल्मुनाइ एसोसिएसनले औषधी तथा स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको छ ।
आदर्श स्कूल स्टुडेन्ट् एल्मुनाइद्वारा २ लाख ४० हजार मुल्य बराबरको मास्क, सेनिटाइजर लगायतका स्वास्थ्य सामग्री एक कार्यक्रमका बीच हस्तान्तरण गरिएको हो । गाउँपालिका अध्यक्ष राजेन्द्रविक्रम बस्नेतले स्वास्थ्य सामग्री बुझ्दै सबैको सहयोगले कोरोना भाइरस (कोभिड १९) को महामारीलाई रोक्न सकिने भएकोले हातेमालो गर्न आग्रह गर्नुभएको थियो ।
त्रिपुरासुन्दरी गाउँपालिकालाई टुकीनेपाल नामक संस्थाले थर्मल गन हस्तान्तरण गरेको छ । कोरोना भाइरस (कोभिड १९) रोकथाम र नियन्त्रण गर्नका लागि गाउँपालिकालाई अत्यावस्यक रहेको सात थान थर्मल गन हस्तान्तरण गरिएको संस्थाका अध्यक्ष कमल सापकोटाले जानाकारी दिनुभयो । यसैगरि नीलकण्ठ नगरपालिकालाई २५ सेट पिपिई, ५ हजार माक्स, २ सय सेनिटाईजर र १ हजार ओटा साबुन तथा नीलकण्ठ नगरपालिका वडा नम्बर १० ज्यामरुङमा एक घर १ सेनिटाईजर र साबुन र १ व्यक्ति एक माक्स बितरण गरेको थियो ।
नीलकण्ठ नगरपालिकाले ३ हजार ६ सय ८१ परिवारलाई राहत वितरण गरिएको छ । (कोभिड १९) लकडाउनको कारण काम गर्न नपाएर समस्या भोगेका असङ्गठित क्षेत्रका मजदुरहरूलाई राहत वितरण गरेको थियो ।
लकडाउन लम्बिदै जाँदा ज्याला मजदुरी गर्ने, असहाय, गरिब, विपन्नहरू समस्यामा परेको भन्दै नगरपालिकाले कोरोना भाइरस (कोभिड-१९) को सक्रमण रोकथाम तथा नियन्त्रणका लागि लकडाउन रहेको अवधिमा दैनिक हातमुख जोड्न समस्या परेकाहरूको घर पहिचाहन गरी राहत वितरण गरिएको नगरपालिकाले जनाएको छ ।
गल्छी गाउँपालिका-६ निवासी समाजसेवी नवराज धितालले वैरेनी स्वास्थ चौकीलाई औषधी सहयोग गरेका छन् ।
कोरोना भाइरस कोभिड १९ को जोखिम लाई ध्यानमा राखेर समाजसेवी धितालले वैशाख २० गते स्वास्थ्य चौकीका अध्यक्ष तथा वडा नम्बर ६ का वडा अध्यक्ष राजन श्रेष्ठ र गल्छी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद ज्ञवालीलाई स्वास्थ्य सामग्री र औषधि सहयोग गर्नु भएको हो ।
सहयोग गरिएको औषधी तथा स्वास्थ्य सामग्रीहरू माक्स ३ सय पिस, सर्जिकल पन्जा ५ सय ५० पिस, जीवनजल ३ सय पाकेट लगायतका सात थरी सामग्री बैरेनी स्वास्थ्य चौकीलाई सहयोग गर्नु भएको छ ।

प्रेस सङ्गठन नेपाल धादिङलाई धादिङको गजुरीमा मास्क सेनिटाइजर लगायतका स्वास्थ्य सामग्री वितरण गरिएको छ।
सो सामाग्री नेपाल कम्यूष्टि पार्टी (नेकपा) केन्द्रीय सदस्य तथा धादिङका इन्चार्ज र बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जम्मरकट्टेलले वितरण गर्दै महामारी विरुद्ध लड्न पत्रकारहरूको योगदान महत्वपूर्ण हुने भएकोले सो सामग्री हस्तान्तरण गरिएको हो ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार कोरोना भाइरसको संक्रमण रोक्नका लागि स्थानीय सरकारले गर्ने प्रयासमा गैरसरकारी संस्थाले सघाएको छ ।
मकवानपुरको कैलाश गाउँपालिकाका लागि सीसीडीएन र प्राक्टिकल एक्सनले ठूलो परिमाणको स्वास्थ्य सामग्री दिएको हो । कैलाश गाउँपालिकालाई प्राप्त भएको सामग्रीहरूमा पूर्ण सुरक्षासहितको पिपिई सेट २२ थान रहेको छ ।
त्यसैगरी २५० थान सर्जिकल ग्लोभ्स, इन्फ्रारेड थर्मोमिटर १२ थान, सर्जिकल मास्क २ हजार ५ सय थान, केएन ९५ मास्क ४५ थान, डिजिटल थर्मोमिटर १३ थान र २७२ थान स्यानिटाइजर रहेको छ ।
सामग्री प्राप्त भएपछि अब ५ वटै स्वास्थ्यचौकीहरूमा ज्वरो जाँच केन्द्र स्थापना गरिने र थर्मल गनको सहयोगबाट ज्वरो नाप्ने प्रक्रियालाई सहज बनाइने गाउँपालिका अध्यक्ष टँक मोक्तानले बताउनुभयो । त यसअघि गाउँपालिकाले थर्मल गनको अभावमा नामटारमा मात्रै ज्वरो जाँच क्लिनिक संचालन गरिरहेको थियो भने विभिन्न स्थानमा रहेका स्वास्थ्य चौकीहरूमा पुगी र्‍यापिड टेस्ट अभियान चलाएको थियो ।
साबिक डाँडाखर्क, गोगने, कालिकाटार, नामटार र भार्ता गाविस मिलेर बनेको कैलाश गाउँपालिकामा साबिकका सबै गाविसहरूमा स्वास्थ्य चौकी रहेका छन् ।
मकवानपुरको दुईवटा गाउँपालिकामा दादुराको प्रकोप देखा परेको छ । जिल्लाको विकट कैलाश गाउँपालिका र चेपाङ जातीको बाहुल्यता रहेको राक्सीराङ गाउँपालिकाको केही वडामा दादुराको प्रकोप देखापरेको हो ।
पहिले दादुरा र रुबेला विरुद्धको खोप नलगाएको स्थानमा यो रोग देखापरेको छ । दादुरा रोगको निवारण भइसकेपछी फेरी एक जना भन्दा वढी व्यक्तिलाई रोग देखापरेमा प्रकोप भनिन्छ ।
दादुरा र रुवेलाको खोप लगाउने अन्तिम तयारी रहँदा लकडाउनको कारण अभियान स्थगित भएको थियो । कैलाश गाउँपालिकाको केही वडामा प्रकोप देखा पर्न थालेपछि तत्काल दादुरा-रुवेला विरुद्धको खोप अभियान सञ्चालन गर्ने तयारी गरेको कैलाश गाउँपालिका अध्यक्ष टंक मोक्तानले बताउनुभयो ।
मकवानपुरसँगै बागमती प्रदेशका तीन ओटा जिल्लाका विकट क्षेत्रमा दादुरा रोगको प्रकोप देखापरेको प्रदेश स्वाथ्य निर्देशनालय हेटौडाका निर्देशक रमेश प्रसाद अधिकारीले बताउनुभयो ।
मकवानपुरका दुईवटा गाउँपालिका सहित चितवनको राप्ती नगरपालिकाका, धादिङ जिल्लाको बेनीघाट रोराङ गाउँपालिका र गजुरीमा दादुराको प्रकोप देखापरेको उहाँले बताउनुभयो । धादिङका दुई गाउँपालिकामा भने दादुरा विरुद्धको खोप लगाउने काम सुरु भएको छ । मकवानपुर र चितवन जिल्लामा दादुरा विरुद्धको खोप लगाउने तयारी भएको अधिकारीले जानकारी दिनुभयो ।
अहिले पहिलो चरण भएकाले केही व्यक्तिलाई मात्र यो रोग देखापरेको छ । अब नियमित खोपसेवाका कार्यक्रम भने सुरु गर्ने तयारी गरिएको छ । यो खोप ६ महिना देखि १५ वर्षसम्मकालाई लगाउने तयारी गरिएको उहाँले बताउनुभयो । दादुराको निवारण गर्न लागिएको समयमा फेरी यो रोग देखापरेको हो ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार लकडाउनका कारण दोलखामा कक्षा १ देखि ९ कक्षासम्मको वार्षिक परीक्षा बाँकी नै रहेका छ । जसका कारण वैशाख १८ गते बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले स्थानीय तहसँगको समन्वयमा सबै कक्षाहरूको रोकिएको नतिजा तत्काल प्रकाशन गर्न विद्यालयहरूलाई निर्देशन जारी गरेछि अन्योल सिर्जना भएको छ ।
गैरकानुनी रूपमा स्थापना गरिएको एकीकृत विद्यालयस्तरीय परीक्षा समिति दोलखाले सरकारलाई चुनौती दिँदै तोकिएको ०७६ चैत ५ गते भित्रको अवधिमा परीक्षा सम्पन्न गरेनन् । पर्याप्त समय हुँदा हुँदै पनि सो समितिको गैरजिम्मेवारीपनले दुई ओटा विषयको परीक्षा अझै हुन सकेको छैन ।
तर, बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले स्थानीय तहसँगको समन्वयमा ति कक्षाहरूको वार्षिक परीक्षाको रोकिएको नतिजा तत्काल प्रकाशन गर्न विद्यालयहरूलाई निर्देशन जारी गरेको छ । शिक्षा विकास तथा समन्वय इकाइ चरिकोटका प्रमुख शंकरबाबु श्रेष्ठले वैशाख २५ गतेसम्म पर्खिने त्यस पछि पनि लकडाउन लम्बियो भने बैकल्पिक तरिकाले परीक्षा सञ्चालन गर्ने तयारी गरेको बताए ।
भीमेश्वर नगरपालिकाका शिक्षा शाखाका अधिकृत अर्जुन कार्कीले केही दिनमा बैठक बसेर परीक्षा सञ्चालनसम्बन्धी निर्णय गर्ने बताए ।
यसैबिच कोरोना भाईरस लगायत अन्य विपद्का बेला सञ्चार माध्ययम र सञ्चारकर्मीलाई काम गर्न सहज बनाउने उद्धेश्यका साथ दोलखामा मिडिया कोष स्थापना गर्ने बारेमा छलफल सुरु भएको छ ।
विपदको बेला मिडियालाई प्रभावकारी रूपमा सञ्चालनका लागि छुट्टै कोष बनाउन सकिने जिल्ला समन्वय समिति दोलखाका प्रमुख डबल पाण्डेले बताए । दोलखामा सञ्चालनमा रहेका सञ्चारगृहको अवस्था र सञ्चारकर्मीले भोग्नुपरेको समस्याका विषयमा छलफल गर्न सदरमुकाम चरिकोटमा नेपाल पत्रकार महासंघ दोलखा शाखाले वैशाख १९ गते आयोजना गरेको कार्यक्रममा पाण्डेले यस्तो बताएका हुन् । कोरोना भाइरसको प्रतिकार्यका लागी नौ आटै स्थानीय तहले २-२ लाखका दरले १८ लाख रूपैयाँको कोष खडा भएको र सञ्चार गृहका लागि पनि यस्तै किसीमको कोष स्थापना गर्न सकिने धारणा राख्ने उहाँले बताउनुभयो ।
चरिकोटमा कोरोना भाइरस (कोभिड १९) प्रतिकार्य प्रदर्शनी वैशाख १९ गते सम्पन्न भएको छ । तारा दल गण चरिकोटले आयोजना गरेको प्रदर्शनीमा विश्वभर फैलिरहेको कोरोना भाइरसको सङ्क्रमणबाट जोगिन अपनाउनु पर्ने उपायका विषयमा तयार गरिएको नमूना अभ्यास प्रदर्शन गरिएको हो । सो कार्य अर्न्तगत स्वास्थ्यकर्मीले लगाउने पर्सनल प्रोटेक्टिभ इक्युपमेन्टका प्रकार र प्रयोग गर्नुपर्ने अवस्था, पिपिई लगाउने र फुकाल्ने तरिकाका विषयमा अभ्यास मार्फत प्रदर्शन गरिएको थियो ।
यसैगरि कोरोना सङ्क्रमित देखा परेको अवस्थामा सङ्क्रमितलाई अस्पतालसम्म लैजान गर्नुपर्ने सावधानी, अस्पतालमा गरिने उपचार, कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गएको व्यक्तिको अन्त्यष्टि गर्ने तरिका प्रर्दशन गरिएको दल गण दोलखाका गणपति निखिल कुँवरले बताउनु भयो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार किसानले फलाएको काँक्रोले लकडाउनका कारण बजार नपाएपछि फिक्कल गाउँपालिकाले आफै किसानको काँक्रो विक्री गर्न थालेको छ । फिक्कल गाउँपालिका-२ पोखरीका किसानको उत्पादन बाहिर जान नपाएपछि गाउँपालिकाले गाडीको व्यवस्था गरि विक्री गर्न थालेको हो ।
देवीस्थान तरकारी उत्पादन समूहका किसानहरूले लगाएको काँक्रो बिक्रीको लागि गाउँपालिकाको केन्द्र विक्री नभएपछि गाउँपालिकाले नै राखेर विक्री गर्न थालेको गाउँपालिका उपाध्यक्ष पार्वती सुनुवारले

बताउनुभयो । तीनसय किलो काँक्रो उपभोक्ताको घर घरमा लगि विक्री गरिएको सुनुवारले जानकारी दिनुभयो ।
दुधौली नगरपालिकाले सुत्केरीलाई पोषिलो खानेकुरा वितरण गरेको छ । नगरपालिकाले रिलिफ नेपालको सहयोगमा ७५ जना सुत्केरीलाई पोषिलो खानेकुरा वितरण गरेको हो । नगरपालिकाको एकद्वार प्रणाली अर्न्तगत वडा नं. ९ मा रहेका ७५ मुसहर, दलित तथा विपन्न परिवारका सुत्केरीहरूलाई पोषिलो खानेकुरा वितरण गरेको नगर प्रमुख घनश्याम राउतले जानकारी दिनुभयो ।
उहाँका अनुसार मुसहर समुदायका २ सय घरपरिवारलाई पनि राहत सामग्री समेत वितरण गरिएको छ ।
उक्त राहतमा चामल, दाल, चिनि, खाने तेल, नुन, साबुन र सुत्केरीलाई छोकडा, ओड्स, तेल, चना, चिनी, चियापत्ती, वटर र जाम वितरण गरिएको हो ।
दुधौली नगरपालिकाले उदयपुरको सिमानामा लकडाउन तथा सुरक्षा व्यवस्थालाई कडा पारेको छ । उदयपुरको कटारीसँग सीमा जोडिएको नगरपालिकाले दुधौली प्रवेशका नाकामा कडाई गर्दै थप सशस्त्र प्रहरी समेत परिचालन गरिएको जनाएको छ ।
नगरपालिकाको ककुरखोला, बसेरी, भ्रुंगा, खोक्सा, बटाहा र धनसरी नाकामा नगर प्रहरी ३ जना, नेपाल प्रहरी दुई जना र सशस्त्र प्रहरी दुई जना परिचालन गरि सुरक्षा व्यवस्थालाई कडा बनाइएको छ । नगरपालिकाले जिल्ला सुरक्षा समितिमा सशस्त्र प्रहरीको माग गरि परिचालन गर्न लगाइएको जनाएको छ ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार नेपाल सरकारले जारी गरेको लकडाउन पालनालाई जिल्लाका ६ ओटै स्थानीय तहले कडा गरेका छन् ।
लकडाउनको नियम उलङ्घन गरे बापत ०७७ वैशाख २० गते ३ सय ९० जनालाई महानगरीय प्रहरी परिसरले कारबाही स्वरूप कोभिड-१९ को बारेमा दुई घण्टे कक्षामा राखेर घर पठाएको परिसरका प्रमुख एवम् एसएसपी टेकप्रसाद राईले जानकारी दिनुभयो ।
लकडाउन उलङ्घन गर्नेमा महिलाभन्दा पुरुषको सङ्ख्या धेरै रहेको प्रहरीले जनाएको छ । सवारी पास नलिएका तर अत्यावश्यक सेवा बिरामी, मलामी, कृषि मल, बीउ लिन जानको लागि आफू कहाँदेखि कहाँसम्म जाने भन्ने ट्राफिक प्रहरी १०३ वा प्रहरी कन्ट्रोल १०० मा जानकारी दिइ अनुमती लिन सकिने महानगरीय ट्राफिक प्रहरी परिसर सातदोबाटोका प्रमुख एवम् इन्सपेक्टर भोलामानसिंङ अधिकारीले जनाकारी दिनुभयो ।
कोभिड-१९ को सङ्कामा वैशाख २० गते एक जनालाई भर्ना गरी उपचार भइरहेको र पहिले भर्ना भएका दुवै जना निको भएर घर गएको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।
ललितपुर महानगरपालिकाले दैनिक रूपमा खानाको व्यवस्था नभएकाहरूलाई सामुहिक खाना खुवाउने व्यवस्था गर्दै आएको ललितपुर महानगरपालिका सामाजिक विकास समिति संयोजक दिनेश कार्कीले जानकारी दिनुभयो ।
महालक्ष्मी नगरपालिकाले पहिलेको राहातको खाद्य सामाग्री सकिएका वा खाद्य समस्या भएका नयाँ व्यक्तिका लागि पनि वडाका जनप्रतिनिधिबाट अनुगमनसहित आवश्यक देखिए स्थलगत रूपमै राहत वितरणको व्यवस्था गरेको महालक्ष्मी नगरपालिकाका प्रमुख रामेश्वर श्रेष्ठले जानकारी दिनुभयो ।
नगरपालिकाले हरेक वडामा कम्तिमा १० बोरा चामलसहित नुन, तेल, दाल, साबुनलगायतका राहात सामग्री स्टक राखेको जनाएको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरीका अनुसार** जिल्लामा सञ्चालित अधिकांश सहकारीहरूले नियमित सेवा नदिँदा निक्षेप जम्मा गरेका सदस्यहरूले रकम झिक्न नसक्दा उनीहरूको दैनिक जीवनयापनमा असर पुगेको पाइएकाले सम्बन्धित निकायलाई सहकारी सञ्चालन गरि नागरिकको दैनिक जीवनयापनलाई सहज बनाउने प्रक्रिया अगाडि बढाउन जिल्ला प्रशासनले आग्रह गरेको छ ।

पेशागत अधिकार अर्न्तगत जिल्ला अदालत भक्तपुरमा अभियोग पत्रहरू दर्ता गर्ने, म्याद थप गर्ने कार्य भइरहेको तर, लकडाउनका कारण कानुन व्यवसायीहरू बहस तथा पैरवीका लागि सहज रूपमा अदालतसम्म पुग्न सक्ने अवस्था नहुँदा पीडितहरूको न्यायमा पहुँचका लागि सबन्धित पक्षको ध्यानाकर्षण गराउने भएको छ । मानव अधिकार हननका विषयमा जिल्लाका सम्पूर्ण नागरिकहरूबाट जानकारी लिन सञ्चार माध्यम, सामाजिक सञ्जाललगायतका प्रविधिको प्रयोग गरि गुनासो सङ्कलन गरिने भएको छ ।

त्यसैगरी मध्यपुरथिमि नगरपालिकाद्वारा सञ्चालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल थिमिमा कोरोना सङ्क्रमित बिरामी उपचारको कृतिम अभ्यास गरिएको छ । कोरोना उपचारका लागि तयारी अवस्थामा राखिएका अस्पतालका चिकित्सक, नर्स लगायतका स्वास्थ्यकर्मी र कर्मचारीलाई कुनै जानकारी नै नदिई नगरपालिका र रेडक्रसले सञ्चालन गरेको कृतिम अभ्यास सकिएमा आठ जना कोरोना पोजेटिभ र अन्य शङ्कास्प गरि १७ जना बिरामी ६ ओटा एम्बुलेन्स मार्फत ल्याएर कृतिम अभ्यास गरिएको थियो । अभ्यासमा रेडक्रसका स्वयंसेवकहरूले गरेको बिरामीको अभिनयलाई यहाँका स्वास्थ्यकर्मीहरूलाई थाहा नदिइ गरिएको थियो ।

अस्पतालमा कोरोना परीक्षणका लागि आरटिसी ल्याब, एक्सरे, ६ ओटा भेन्टिलेटर सहित, १६ शैयाको आइसोलेशन, २० शैय्याको क्वारेन्टाइन र चिकित्सक तथा नर्ससहितको तालिम प्राप्त स्वास्थ्यकर्मी सहितको सम्पूर्ण जनशक्ति टोलीलाई कोरोना सङ्क्रमित बिरामीको उपचारका लागि तयारी अवस्थामा राखेको यो अस्पतालमा साच्चिकै कोरोना सङ्क्रमित किरामी आएमा उपचार हुन्छ त भन्नेबारेमा जानकारी लिन र केही कमजोरी भए सुधार्न स्वास्थ्यकर्मीलाई जानकारी नै नदिई कृतिम अभ्यास गरिएको मध्यपुरथिमि नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठले बताउनुभयो ।

यो अभ्यासबाट साच्चिकै बिरामी आएपछि स्वास्थ्यकर्मीको भागदौड हुन्छ कि हुदैन, विरामीले सहज उपचार पाउँछन् कि पाउँदैनन् भन्नेबारेमा जानकारी भएको र व्यबस्थापनमा केही कमजोरीसमेत देखिएकाले त्यसलाई सुधार्ने बताउनुभयो । बिरामीहरू अस्पताल ल्याउँदा चिकित्सक र स्वास्थ्यकर्मीबाट हुन सक्ने त्रुटी पत्ता लगाएर सावधानीका साथ उपचारको प्रबन्ध गर्न यो अभ्यास गरिएको उहाँको भनाई छ ।

त्यसैगरी बालकोटका युवाले स्वर्तस्फूर्तरूपमा संकलन गरेको रु. ११ लाखले एक हजार १०० परिवारलाई खाद्यान्न राहत वितरण गरिएको छ । सूर्यविनायक नगरपालिका वडा नं. २ र ३ का दैनिक ज्यालादारी गरेर जीवन गुजार्दै आएका मजदुर, गरिब, बिपन्न, अतिन्यून आय भएका, भाडामा बस्नेहरूलाई २० गते एकैदिन १७ वटा केन्द्रबाट राहत वितरण गरिएको हो ।

बालकोट युवा समूहका रबि राणाको संयोजकत्वमा वडा सदस्य सुवास कार्की, सामाजिक अभियन्ताहरू जयराज पौडेल, रामशरण राना, चन्द्रकृष्ण श्रेष्ठ, अनिल श्रेष्ठ, सुदन अधिकारीलगायतका अगुवा युवाहरूको पहलमा सङ्कलन गरिएको राहत महेन्द्र शान्ति माध्यामिक विद्यालयबाट बिभिन्न १७ केन्द्रमा पठाएर वितरण गरिएको हो ।

खाद्यान्न अभाव भएकाहरूको नामावली संकलन गरेर राहतमा प्रत्येक परिवारलाई १५ किलो चामल, एक किलो दाल, एक किलो चिउँरा, एक प्याकेट नून, एक प्याकेट तेल र दुईवटा चाउचाउ वितरण

गरेको थियो । राहत वितरणको सूर्यविनायक नगरपालिकाका उपमेयर जुना बस्नेत र वडा नं. २ का वडाध्यक्ष कमलनाथ आचार्य अनुगमन गर्नुभएको थियो ।
त्यसैगरी मध्यपुर थिमि नगरपालिका वडा न २ मगर गाउँमा बसोबास गर्दै आएका १५ दृष्टि बिहिन परिवारलाई रोटरी क्लब अफ मध्यपुर र ईनर व्हिल क्लव अफ मध्यपुरले संयूक्त रूपमा बिभिन्न राहत सामाग्रीहरू बितरण गरेको छ । प्रति परिवार १५ किलो चामल, दुइ किलो दाल, एक किलो चिउरा, एक किलो चिनी, एक लिटर तेल, एक पाकेट नुन लगायतका सामाग्रीहरू थिए ।
यसैबीच मानव अधिकार अवस्था अनुगमन तथा समन्वय समितिको सदस्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) भक्तपुर प्रतिनिधी एवं पत्रकार रमेश गिरीलाई मनोनित गरेको छ । समितिको संयोजक रविन्द्र प्रधानको संयोजकत्वमा यही १९ गते बसेको बैठकले गिरीलाई मनोनित गरेको हो । समितिमा यसअघि गैरसरकारी संस्था महासंघका अध्यक्ष सोम शर्मा बजगाई र नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकी सदस्य रहनु भएको थियो ।
समितिले जिल्लामा मानव अधिकारको अवस्थाका बिषयमा नागरिकहरूबाट प्राप्त जानकारीका आधारमा अनुगमन गर्दा अस्पतालहरूले प्रदान गर्नुपर्ने बिमा सुविधा अर्न्तगतका औषधिहरू वितरण नगरिएको पाइएकाले सम्बन्धित अस्पतालहरूलाई बिमा वापतको औषधि वितरण गर्न ध्यानाकर्षण गर्ने भएको छ ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**कोरोना भाइरसको महामारीपछि बन्द भएको विद्यालयहरू मध्ये चौतारा साँगाचोकगढी नपा ७ स्थित श्री सिद्धिगणेश माविले विद्यार्थी भर्ना अभियान सुरु गरको प्रधानअध्यापक राजकुमार यादवले बताउनुभयो ।
यादवका अनुसार कक्षा नौ बाहेक नर्सरी देखी कक्षा १० सम्म विद्यार्थीको घरघर पुगेर विद्यार्थी भर्ना सुरु गरेको र भर्ना अभियान सकिएपछि पाठ्य पुस्तक वितरण गरी टोल टोलमा शिक्षकहरू पुगेर १०/१० जनाको समूहमा कक्षा सञ्चालन गरिने छ । नगरपालिकाले कक्षा ८ को परीक्षाफल प्रकाशित गर्न ढिलाइ गरेकाले कक्षा नौका विद्यार्थीहरूलाई भर्ना गर्न नपाएको शिक्षक गणेश चौलागाइले बताउनुभयो । सिद्धिगणेश माध्यामिक विद्यालयले विद्यार्थी भर्ना अभियान सञ्चालन गरे जस्तै गरी नगरपालिका भरीका सबै विद्यालयहरूलाई विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न निर्देशन गरेको चौतारा सागाचोकगढी नपाका प्रमुख अमानसिं तामाङले बताउनुभयो ।
विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड–१९) ले प्रत्यक्ष रूपमा असर पारेको कृषिउपज र देश लकडाउन रहेको बिषम परिस्थितिमा नागरिकहरूलाई खाद्य सुरक्षाको लागी सहयोग पुऱ्याउने उदेश्यले पाँचपोखरी थाम्पाल गाउपालिकाले किसानहरूका लागि उन्नत धानको बीउ बितरण गरेको छ ।
गाउपालिकाको कृषि विकास शाखामा आएको मागको आधारमा ७५ प्रतिशत अनुदान अर्न्तगत धानको खुमल २, खुमल ११ र ताईचिन जातको बिउ वितरण गरेको गाउँपालिकाको कृषि शाखा प्रमुख निमराज गिरीले बताउनु भयो ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ्**का अनुसार धुलिखेल सामुदायिक अस्पतालले आफ्नो कर्मचारीका लागि २५ वेडको क्वारेन्टाइन शैया बनाएको छ । डाक्डर नर्स र कर्माचारी गरी करिव १२ सय जना कार्यरत रहेको अस्पतलमा दैनिक दिन बिरामीको सेवमा खट्ने कर्मचारीहरूका लागि २५ शैयाको क्वारेन्टाइन बनाएको अस्पतालका प्रवक्ता डाक्टर सुमन ताम्राकारले बताउनु भयो । **त्यस्तै** जिल्लामा लकडाउन अवज्ञा गर्ने ओटा मोटरसाईकलाई नियन्त्रणमा लिई कारकाही गरेको जिल्ला कमाण्ड पोष्टका प्रवक्ता एवम् स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख डाक्टर नरेन्द्रकुमार झाले जानकारी दिनुभयो ।

लकडाउनका कारण समस्यामा परेका धुलिखेल नगरपालिकाका किसानहरूलाई धानको मूल बीउ वितरण गरेका छन् । किसानको माग अनुसार बजारमा बीउ नपाएपछि नगरपालिकाले किसानलाई उन्नजातको बीउ अनुदानमा दिन सुरु गरेको कृषि शाखा संयोजक मन्दिल कृष्ण श्रेष्ठले बताउनुभयो । संयोजक श्रेष्ठका अनुसार नगरपालिकाले किसानहरूको माग अनुसार उन्नजातको बिउ ०७७ वैशाख १९ गतेबाट वितरण सुरु गरेको हो । यो वर्ष नगरपालिकाको वडा नम्बर १२ र २ मा ४० र ४० रोपनी क्षेत्रफलका लागि मात्रै खुमल ४ को मुल बीउ वितरण गरिनेछ । नगरपालिकाले वडा नम्बर ५ मा ५ सय ९५ केजी खुमल १० र २ सय १० केजी खुमल ८ उन्नजातको धानको बीउ वितरण गरेको छ । त्यस्तै वडा नम्बर ४ मा ५ सय ७५ केजी खुमल १० र १ सय ७५ केजी खुमल ८ उन्नजातको बिउ वितरण गरेको हो । अन्य वडाहरूमा पनि क्रमशः उन्नजातको धानको बिउ वितरण गर्ने कृषि शाखा संयोजक श्रेष्ठले बताउनु भयो ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार जिल्लामा दोस्रो चरको राहत वितरण नभएको कारण केही बस्तीमा खाद्यान्न अभाव भएको छ । ०७२ वैशाखको विनाशकारी भूकम्पका कारण उत्तरगया गाउँपालिका-१ र २ बाट विस्थापित १ सय ६९ परिवार वडा नं ५ को खाल्टे बगरमा दैनिक गुजारा चलाउन नसकेर कष्टकर जीवन बिताउँदै आएका छन् । वडा नं १ मा मात्र ७ सय घरधुरी विस्थापित छन् । उनीलाई गाउँपालिकाले पहिलो चरणको राहत वितरण गरे पनि दोस्रो चरको राहत वितरण गरेको छैन । उनीहरू जिल्लाको गोगने, तिरु, डाडागाउँ लगायतका जोखिम बस्तीमा जोखिममा परेका कारण चार वर्ष अघिदेखि त्रिशूली नदिको किनारमा बस्दै आएका छन् । आफ्नो थातथलो छाडेर आएकाले दैनिक जिविका ज्याला मजदुरीमा चल्दै आएको थियो । लकडाउन (बन्दाबन्दी) का कारण अहिले कही कतै काम गर्न पनि पाउँदैनन् । ज्याला मजदुरी गर्न पनि बन्द भएपछि दैनिक गुजारा चलाउन कठिन भएको खाल्टे क्याम्पका छेकु लामाले बताउनुभयो ।
उत्तरगया गाउँपालिका वडा नं २ डाडागाउँमा रहेको क्वारेन्टाइनमा १६ जना रहेका थिए भने वडा नं ३ को ठूलोगाउँ १० जना र वडा नं ५ को लहरेमा २० जना रहेका थिए । सबैजना घरघरमा होम क्वारेन्टाईन बस्ने भन्दै क्वारेन्टाईनबाट भागेका छन् ।
आमाछोदिङमो गाउँपालिकामा ७० जना थिए वैशाख २० गते एक जना क्वारेन्टाईनमा थपिएर त्यहाँ ७१ जजन रहेको स्वास्थ्य शाखा प्रमुख निमा तामाङले बताउनुभयो । त्यहाँ २४ जनाका लागि बेड रहेको छ भने अरु सबैजना भूइँमै सुत्नु परेको व्यवस्थित क्वारेन्टाईन नभएको र सुबिधा नभएको गुनासो गरेका छन् । गोसाँइकुण्ड गाउँपालिका ८४ जना क्वारेन्टाईनमा त्यहाँ रहेकाहरूले पनि होम क्वारेन्टाईनमा बस्ने भनेर दबाब दिन थालेका छन् । वडा नं २ टिमुरेमा रहेको क्वारेन्टाइनमा पनि बेड तथा क्वारेन्टाइनमा टिभी, इन्टरनेट नभएको र त्यहाँ बस्न निकै दिक्क लागेको गुनासो गरेका छन् । कालिका गाउँपालिका ४७ जना क्वारेन्टाईनमा रहेकोमा वैशाख २० गते सबैलाई स्थानीय तहले सेल्फ होम क्वारेन्टाईमा बस्न घरघरमा पठाएको छ ।
अत्यावश्यक सामग्री ढुवानीका लागि ई पास जारी गरिएको र जिल्लामा अति आवश्यक वस्तु र खाद्यान्नको समस्या नभएको प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीले बताउनुभयो । बजारमा फलफूल तथा तरकारीमा मूल्य बृद्धि भए पनि खाद्यान्न लगायत अन्य गुनासो नआएको उहाँले बताउनुभयो ।
जिल्लाभरमा ०७६ फागुन १ गतेदेखि भारत र तेस्रो मुलुलबाट आएका मानिसहरूको कोरोना सङ्क्रमण बढ्न नदिन अनिवार्य रूपमा र्‍यापीड डाइग्रष्टिक टेष्ट (आरडीटि) गर्न थालिएको छ । हालसम्म जिल्लाभरको ७८ जनाको आरडीटी टेष्ट भएको छ ।

जिल्लामा काठमाडौँ तथा भारतबाट सिधै घरघरमा आएर बसेकोले नौकुण्ड गाउँपालिकाको गाउँका स्थानीय भने त्रसित भएको वडा नं ५ का राजेन्द्र रानाले बताउनुभयो । जनप्रतिनिधिले सिधै गाउँ पठाएपछि गाउँमा सङ्क्रमण बढ्ने आशङ्का बढेको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार रामेछापमा आईसोलेसनमा राखिएका दुई जना वैशाख २० गते उपचारपछि घर फर्किएका छन् । कोभिड १९ को आशङ्कामा उनीहरूलाई जिल्ला अस्पताल आइसोलेसनमा राखि स्वाब परीक्षणको लागि काठमाडौँ पठाइएको थियो । स्वाब परीक्षण रिपोर्ट नेगेटिभ आएपछि जिल्ला अस्पतालको आइसोलेसनमा रहेका एक जना महिला र एक जना पुरुषलाई घर पठाइएको जिल्ला अस्पताल रामेछापले जनाएको छ ।
जिल्ला अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेण्ट डा. रोशन ग्वाछाले एक विज्ञप्ति निकाली दुवै जनालाई डिष्चार्ज गरिएको जानकारी दिनुभयो । विज्ञप्तिमा वैशाख १७ गते जिल्ला अस्पतालबाट ३८ वर्षीया एक महिला र २८ वर्षका एक पुरुषको स्वाब पिसिआर परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु काठमाडौँमा पठाइएकोमा पुरुषको वैशाख १८ गते साँझ र महिलाको वैशाख १९ गते साँझ रिपोर्ट नेगेटिभ आएकाले डिस्चार्च गरिएको जनाइएको छ ।
यसै बिच विभिन्न स्थानमा क्वारिन्टिनमा बसेकाहरूको र्‍यापिड तथा स्वाब पिसिआर परीक्षण रिपोर्ट नेगेटिभ आएसँगै क्वारेण्टाइनमा बस्नेको सङ्ख्या घटेको छ । क्वारेण्टाइनमा बस्नेको सङ्ख्या ८१ जनासम्म पुगेकोमा वैशाख २० गते ३० जनामात्रै क्वारेण्टाइनमा रहेको जिल्ला अस्पताल रामेछापले जनाएको छ । जिल्लामा हालसम्म १ सय ८६ जनाको र्‍यापिड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ ।

**इन्सेक काठमाडौँ जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड १९ बाट संक्रमित भएको आशंकामा पीसिआर प्रविधिबाट १३ हजार ९८ र आरडिटी प्रविधि विधिबाट ४८ हजार ५ सय २९ जनाको नमुना परिक्षण गरिएको जनाएको छ ।
मन्त्रालयका प्रवक्ता डाक्टर विकास देवकोटाले नियमित प्रेस ब्रिफिङमा आरडिटी विधिबाट बागमती प्रदेशमा ५ हजार ५ सय १५ जनाको नमूना स्वास्थ्य परिक्षण गरिएको बताउनुभयो । उहाँले देशभरी संक्रमितको संख्या ५९ रहेको र १६ जना पुर्ण रूपमा निको भएर डिस्चार्ज भैसकेको बताउनुभयो ।
यस्तै हालसम्म क्वारेन्टाइनमा रहेकाको सख्या २२ हजार ९ सय ७८ रहेको छ । जसमध्ये बागमती प्रदेशमा ५ सय ११ जना रहेका छन् । वैशाख २० गतेसम्म ८९ जना आइसोलेसनमा रहेको र त्यसमध्ये काठमाडौँ उपत्यकामा चार छन् भने ८५ जना विभिन्न जिल्लाहरूमा रहेको डा. देवकोटाले जानकारी दिनुभयो ।
कोइका कम्पनीले धुलिखेल अस्पताल, नुवाकोट अस्पताल, टिकापुर अस्पताल र नेपाल कोरियामैत्री अस्पताललाई पीपीई ७ सय ९०, केईन नाइन्टी फाइब मास्क ४ हजार ६ सय ९० पिस, सर्जिकल मास्क २ हजार १ सय ८५ पीस, गल्ब्स ४ हजार ४ सय र सेनिटाइजर ६ हजार साथै थर्ममिटर ५० ओटा दक्षिण कोरियाका राजदुत मार्फत हस्तान्तरण भएको छ ।
यो वर्ष विश्व स्वास्थ्य सङ्गठनले नर्सिङ तथा मिडवाइफको रूपमा घोषणा गरेको छ । त्यसैको विषयमा समग्र नर्सहरूको कामको जटिलता तथा चुनौतिका विषयमा नेपाल नर्सिङ सङ्घकी अध्यक्ष मनकुमारी राईले जानकारी

यसै बिच कीर्तिपुर नगरपालिकाले आफ्नो १० वडा मध्यका तीन ओटा वडाहरूमा दैनिक ३ सय जनालाई सामुहिक खाना नियमित वितरण गरिएको नगरपाकिलाका उपप्रमुख सरस्वती खड्काले जानकारी दिनुभयो ।
यता नार्गाजुन नगरपाकिलाले पनि आफ्ना नौ ओटै वडाहरूमा सामुहिक खाना खुवाउँदै आएको छ । दैनिक २ हजार भन्दा बढीलाई खाना खुवाइने प्रमुख मोहनबहादुर बस्नेतले जानकारी दिनुभयो ।
यस्तै सरकारले यातायातमा गरेको कडाईका आधारमा वैशाख २० गते काठमाडौँमा मात्रै दुई पाग्रे सवारी ५ सय २४ ओटा र ३५ ओटा चार पाग्रे सवारीलाई कारबाहि गरिएको महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता जीवनकुमार श्रेष्ठले बताउनु भयो ।
यता सडकमा बिनाकाम हिड्ने १ हजार ४ सय २२ जनालाई कारबाही गरिएको महानगरीय प्रहरी परिसरका प्रवक्ता होविन्द्र बोगटीले जानकारी दिनुभयो ।
यता कतार एयरवेजको वाइडबडी जहाज ५४ देशका तीन सय ९ जना यात्रु बोकेर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फ्रान्सका उडेको छ ।
लकडाउन अवधिमा कतार एयरवेजको ११ उडान भएको छ । नेपालस्थित फ्रान्सेली दूतावासले चार्टर गरेको कतार एयरवेजले वैशाख २० गते दिउँसो काठमाडौँबाट कतारको दोहा हुँदै पेरिसका लागि उडान भरेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ । कतारपछि नेपाल वायु सेवा निगम नेपाल एयरलाइन्सले आठ अन्तरार्ष्ट्रिय उडान गरेको छ ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार स्थानीय तहले बनाएको क्वारेनटाइनमा दुई जना रहेका छन् । होम क्वारेनटाइनमा १ हजार २ सय ५९ जना रहेका छन् ।
विदुर नगरपालिकाले नगरपालिका भित्र रहेको बाँझो जमीनलाई कृषि प्रयोजनमा उपयोग गर्न “विदुर नगरपालिका कृषि उपयोग तथा अनुदान कार्यविधी २०७७” पारित गरेको छ ।
कार्यपालिकाको बैठकले पारित गरेको कार्यविधीमा नगरपालिकाभित्र अन्नबाली, तरकारी, फलफुल तथा मसलेदार खेती जस्ता कृषिजन्य उत्पादन कार्य गर्न चाहेमा नगरपालिकाले सहजिकरण गरि प्रोत्साहन स्वरूप मल, बिउ, यन्त्र, सिंचाई आदीमा थप अनुदानको समेत व्यवस्था गरि नगरवासीलाई कृषिमा आत्मनिर्भर गराउन आवश्यक व्यवस्थाको थालनी गरिएको मेयर सञ्जु पण्डितले जानकारी दिनुभयो ।
लकडाउनको बेलामा पनि सहज रूपमा किसानलाई मलखाद उपलब्ध गराउन साल्ट ट्रेडिङ र जिल्लामा मल वितरणमा संलग्न सहकारीहरूलाई विदुर नगरपालिकाले आग्रह गरेको छ । सहकारीहरूले खरिद गरेको मूल्यमा प्रतिबोरा थप रु. ५० मात्र लिएर किसानलाई बिक्री गर्न निर्देशन दिएको छ । यो निर्देशन उलंगन गरी महंगोमा बिक्री गरेको कारबाही गरिने निर्णय भएको विदुर नगरपालिकाले जनाएको छ ।
पञ्चकन्या गाउँपालिकाले काठमाडौँमा बसिरहेका र अहिले लकडाउनले गर्दा समस्यामा परेका नागरिकहरूलाई काठमाडौँमा नै गएर खाद्यान्न राहत प्रदान गरेको छ ।
पालिकाले ८० घर परिवारका २ सय ६० जनालाई खाद्यान्न राहत प्रदान गरेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेश पुडासैनीले जानकारी दिनुभयो ।
प्रति परिवार एक बोरा चामल, एक किलो नुन, एक किलो दाल, एक लिटर तेल र ओटा सावुन प्रदान गरेको पालिकाले जनाएको छ । यस्तै, पालिकाले १ हजार ५ सय जनालाई सामाजिक सुरक्षा भत्ता पनि घरघरमै गएर वितरण गरेको जनाएको छ । जिल्लाभर १ सय १० जनाको ज्वरो परीक्षण गरिएको छ ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार जिल्लाका सरकारीका साथै पब्लिक तथा निजी कलेजहरूले अनलाइनबाट पठनपाठन थालेका छन् । लकडाउनका कारण कलेजमा विद्यार्थीको उपस्थिति नहुने भएपछि दुरशिक्षा अन्तर्गत अनलाईनबाटै पठाउन थालिएको सप्तगण्डकी बहुमुखि क्याम्पस चितवनका क्याम्प्स प्रमुख मणीराज महतोले बताउनुभयो ।
त्यस्तै जिल्लामा कक्षा ८ को जिल्ला स्तरीय परीक्षा पनि सार्वजनिक गरिएको छ । आआफ्नो पालिकामा विद्यार्थी भर्ना गर्न बागमती प्रदेश सामाजिक विकास मन्त्रालयले आह्वान गरेपछि नतिजा सार्वजनिक र भर्ना काम थालिएको हो ।
चितवन स्थित कोरोना विशेष अस्पतालमा सात जना आइसोलेसन वार्डमा उपचाररत रहेका छन् । त्यस्तै लकडाउनको समयमा सवारी चलाएको भन्दै वैशाख २० गते ४२ ओटा दुई पाग्रे सवारी नियन्त्रणमा लिइएको चितवनका प्रहरी प्रवक्ता डिएसपी एकनारायण कोइरालाले बताउनुभयो ।
जिल्लामा लकडाउन खुकुलो भएको व्यापक जनगुनासोपछि जिल्ला प्रशासनले वैशाख १९ गते साँझ विज्ञप्ति निकालेर प्रशासनको पास बिना कुनै पनि सवारी चल्न नपाउने जानकारी दिएको छ ।
भरतपुर अस्पतालबाट वैशाख २० गते गते सात ओटा नमूना सङ्कलन गरि पठाइएको अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलले बताउनुभयो । त्यस्तै भरतपुर स्थित कोरोना परीक्षण प्रयोगशालामा पुन कोरोना टेस्ट किटका अभाव भएको छ । वैशाख १८ गते देखि कटि अभाव हुँदा परीक्षणका लागि हेटौँडा पठाइएको छ ।
चितवन जिल्ला स्थित सात ओटै पालिकाहरूले राहत वितरणलाई तिव्रता दिएका छन् । राप्ती नगरपालिकाका विकट चेपाङ वस्तीमा वडा अध्यक्ष र अन्य जनप्रतिनिधिमार्फत राहत वितरण गरिएको नगर प्रमुख प्रभा बरालले बताउनुभयो ।
**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौँडा**